# नेपाल गजेट

## भाग ४

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७] काठमाडौं भाद्र ३ गते २०१४ साल [संख्या ११

### पब्लिक वर्क्स तथा संचार मन्त्रालय

टेलिफोन दिनेबारेमा सरकारले देहायमा लेखिएबमोजिमको नियम तोकेकोछ।

१. टेलिफोन लाइन किसिमः— टेलिफोन लाइन ३ किसिमका हुनेछन्।

(क) म्यानुयल म्यागनेटो।

(ख) सि. बि.।

(ग) अटोमेटिक।

२. धरौटीः— टेलिफोन कनेकशन लिन चाहने हरेक ग्राहकले कुनै किसिमको एक लाइनको निमित्त मोहरु ३००। तीन सय धरौटी राख्नुपर्नेछ।

३. मासिक महसूलः-- देहायका लाइनहरूमा देहायबमोजिम लाग्नेछ।

(क) म्यानुयल म्यागनेटो लाइन १ के मोहरु पच्चीस २५।

(ख) सि. बि. लाइन १ के मोहरु पच्चीस २५।

(ग) अटोमेटिक लाइन १ के मोहरु तीस ३०।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. महसूल बुझाउने:— [१] ग्राहकहरूले माथि दफा ३ मा लेखिएबमोजिम मासिक महसूल हरेक महिनाको २२ गतेभित्र बुझाइसक्नुपर्दछ ।

(२) उपदफा (१) मा तोकिएको मितिमा नबुझाई त्यस महिनाको मसान्तसम्ममा बुझाउन ल्याएमा वा बुझाउने ग्राहकले मोहरु १। एक रुपैंया जरिवाना तिर्नु पर्नेछ ।

(३) उपदफा (२) मा तोकिएको म्यादभित्र नबुझाई अर्को महिना लागेमा त्यस महिनाको मसान्त-सम्ममा बुझाउन ल्याएमा वा बुझाउने ग्राहकले मोहरु ५ पाँच रुपैयाँ जरिबाना तिर्नु पर्नेछ

(४) उपदफा ३) मा तोकिएका म्यादभित्र महसूल नबुझाउने ग्राहकको नाउँमा रहेको टेलिफोन ला-इन काटी सो ग्राहकसँग असूल उपर गर्नु पर्ने रकम दफा (२) बमोजिम रहेको धरौटीबाट ऐन सवालबमोजिम कट्टी गरी असूल उपर गरिनेछ ।

५. प्लग, सकेट र एक्सटेन्शन:—प्लग, सकेट र एक्सटेन्शनमा देहायबमोजिम वार्षिक महसूल लाग्नेछ ।

(क) प्लग र सकेट

(१) एक प्लग, २ दुइ सकेटके मोहरु पचास ५०।

(२) एक प्लग, ३ सकेटके मोहरु पचहत्तर ७५।

(ख) एक्सटेन्शन

(१) भित्रि:—

(क) म्यारलल मोहरु एकसय पतीस १३५।

(ख) आ.ई.सि.एफ.मोहरु एकसय उनन्साठी १५६।

(ग) टुम्वे सुइच मोहरू एकासी ८१।

(२) वाहिरी। [आधा मिलसम्म ]

(क) म्यारलल मोहरु एकसय उनान्नव्बे १८६।

(ख) आ. इ. सि. एफ्. मोहरु दुइसय तेन्ह २१३।

(ग) टूथवे सुइच मोहरु एकसय पतिस १३५।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर [ १ ] बाहिरी एक्सटेन्शन आधा मिलभन्दा बढि भएमा प्रत्येक बढी आधामिलको बार्षिक मोहरु चौवन्न ५४। थप महसूल लाग्नेछ।

[ २ ] मेन र एक्सटेन्शन बिचमा डि. पी. ( डिष्ट्रीब्यूशन पोल ) नभएमा मात्र बाहिरी एक्सटेन्शन दिइनेछ।

६. एक्सट्राबेलः- प्रत्येक एक्सट्राबेलको बार्षिक मोहरु पचास ५०। महसुल लाग्नेछ।

७ एक्सट्रा फलेक्सीबल वायरः- प्रत्येक १० गज एक्सट्रा फलेक्सीबल वायरको बार्षिक मोहरु ५०। महसुल लाग्नेछ।

८. क्याजुयल कनेक्शनः- कुनै ग्राहकले १ महिनाभन्दा कम अवधिको निमित्त कुनै किसिमको टेलिफोन कनेक्शन लिएमा प्रत्येक दिनको मोहरु दुई रुपैयाँ पच्चीस पैसा २।२५ का दरले महसुल लाग्नेछ।

९. अस्थायी कनेक्शनः—१ महिना वा सोभन्दा बढी अवधिको निमित्त अस्थायी टेलिफोन कनेक्शन लिएमा देहायबमोजिम मासिक महसुल लाग्नेछ।

(क) म्यानुयल म्याग्नेटोके मोहरु पैंतीस ३५।

(ख) सि. बि. के मोहरु पैंतिस ३५।

(ग) अटोमेटिक के मोहरु पच्चास ५०।

१०. ज्याला मजूरीः- टेलिफोन जडान गरिसकेकोमा र अब जडान गर्नु पर्ने भएमा बलेसीभित्र काम गर्दा, इन्जीनीयर ईन्चार्ज वा टेक्निकल असिस्टेण्टले लगत दिएबमोजिम देहायमा लेखिएबमोजिम ज्याला मजुरी, महसुल बुझाउने म्यादभित्रमा बुझिलिने र ग्राहकले बुझाउनुपर्नेछ।

(क) कालिगड १ के रोज १ को मोहरु दुइ २।

(ख) लाइन म्यान १ के रोज १ को मोहरु एक रुपैयाँ १।

(ग) कुल्लो १ के रोज १ को मोहरु एक रुपैयाँ पचास पैसा १।५०

११. मालसामानः- टेलिफोन जडान गरिसकेको र अब जडान गर्दा सरकार-तर्फबाट खर्च गरी जडान गरिदिने र घरको बलेसीभित्र लाग्ने मालसामान ग्राहकले आफनैतर्फबाट राख्न चाहेमा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

टेलिफोन सेट र मालसामान इन्जिनीयर इन्चार्जले सिफारिस गरेबमोजिमको मालसामान राख्न दिइनेछ।
टेलिफोन लाइन काटेपछि ग्राहक तर्फबाट लगाएको मालसामान नोक्सान भएमा सरकार जवाफदेही हुनेछैन।

तर सरकारतर्फबाट राखिपाउँ भनेमा टेलिफोनको श्रेस्ताबाट मालको मोल नखुलेकोमा इन्जीनियर इन्चार्जले मोल किटीदिएबमोजिम र मोल खुलेकोमा भा. रु. ४ को मोरु ६। छ रुपैयाँका दरले र नेपालमा खरिद भएका मालको परल मोल ¯गो खोली इन्जीनियर इन्चार्जवा टेक्निकल असिष्टेन्टले लगत दिएबमोजिम असुल उपर गरिनेछ।

१२. लोकल कल:–[१] सरकारले समय समयमा सूचना प्रकाशित गरी लोकल कल एरिया तोकिदिनेछ।

[२] लोकल कलमा कुनै महसुल तिर्नु र लिनु पर्दैन, खबर चलाउन आएमा भैरहेका सवालबमोजिम महसुल लिई खबर चलाई दिनेछन्।

१३. टंककल:–[१] लोकल एरियादेखि बाहिरको कललाई टंककल भनिनेछ।

[२] टंककल गर्न चाहने ग्राहकले मोहरु १००। एकसय रुपैयाँ थप धरौटी राख्नुपर्नेछ।

[३] टंककलको महसुल देहायबमोजिम हुनेछ।

[४] प्रत्येक टंककलको महसुल उपदफा [२] बमोजिम रहेको धरौटीबाट कट्टा गरी लिइनेछ।

[५] उपदफा [४] बमोजिम महसुल उपर गरेपछि उपदफा (२) बमोजिम रहेको धरौटिको अंक मोहरु ५०। भन्दा घटी हुन आएमा ग्राहकले धरौटीको अंक मोरु १००। नपुर्‍याएसम्म टंककल गर्न दिइने छैन र गर्न पाउने छैन।

[६] टंककल गर्ने ग्राहकले कमसेकम १ घण्टाअगाडि हेड अफिसमा सूचना दिई कलबूक गर्नु पर्दछ र यसरी बूक गरेको कल क्यान्सल गरेमा सो बूक गरेको कल क्यान्सल गर्ने ग्राहकले मोहरु ।३६ छत्तीस पैसा महसुल तिर्नुपर्नेछ ।तर हेड

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
२३६

अफिसले कुरा गराउने प्रबन्ध मिलाउन नसकी वा अरू नै यस्तै कुनै कारणले कल क्यान्सल भएमा कुनै महसुल लिइने र लाग्नेछैन ।

१४. अरू कुरामा टेलिफोनलाई भै रहेका सवालबमोजिम गर्ने गराउने ।

१५. महसुल असुल गर्दा मोरु १० दश नाघेमा सवालबमोजिम टिकट दस्तुर लिने गर्ने ।

१६. यो नियमावली गजेटमा प्रकाशित भएपछि सि. बि. टेलिफोनको महसुल र मालको मोल ०१२ सालदेखि असुल हुन नपाएकोले अब एकै मुष्ट गरी असुल उपर गरी लिंदा ग्राहकलाई मर्का पर्न जाने देखिएकोले बुझाउन सक्ने ग्राहकहरूले एकमुष्ट गरी बुझाए पनि हुन्छ । एकै मुष्ट बुझाउन नसक्ने ग्राहकहरूले यो नियम प्रकाशित भएको मितिले १ एक वर्षभित्र ६ किस्ता गरी बुझाइसक्नुपर्दछ । सो नबुझाएमा ऐन सवालबमोजिम असुल उपर गरिनेछ ।

१७. <u>अदल बदलः</u>– काम गरी ल्याउँदा बाधा अड्काउ परेको कुरामा सरकारले आवश्यक ठानेमा समय समयमा यी नियमहरूमध्ये कुनै वा सबै नियमहरूमा आवश्यक अदल बदल गर्न सक्छ ।

१८. <u>मध्यस्थताः</u>– यी नियमका तोकिएका कुनै कुरामा कुनै किसिमको झगडा उठ्न गएमा यस्तो झगडा सरकारले तोकिएको जिल्ला न्यायाधीश वा अपील अड्डाको हाकिमछेउ पेश गरिनेछ र त्यस झगडामा निजले गरेको निर्णय अन्तिम हुनेछ ।

आज्ञाले—

सुरेन्द्रशमशेर,

सेक्रेटरी—पब्लिक वर्क्स तथा सञ्चारमन्त्रालय.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

2256

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।